नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

मितिः २०७७।६।१

## जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कञ्चनपुर जिल्लामा कोभिड-१९ को संक्रमाण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७।५।३१ गते जारी भएको आदेश परिमार्जन गरी नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।५।२९ गतेको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ र संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार समेत प्रयोग गरी यस जिल्ला भर मिति २०७७।०६।०१ गते देखि अर्को व्यवस्था नभए सम्मका लागि देहाय बमोजिम आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि अनुरोध गरिएको छ।

**निषेध गरिएका सेवा/क्रियाकलापहरुः**

१. शैक्षिक संस्थाहरु(विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) सञ्चालन, शैक्षिक र अन्य परिक्षा सञ्चालन गर्न।

२. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डिपार्टमेण्ट स्टोर, मनोरञ्जन स्थल,डान्सबार, सैलुन, व्यूटिपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना, हेल्थक्लव, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती, अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न।

३. सवै प्रकारका धार्मिक तथा सामाजिक स्थल सञ्चालन गर्न।

**सञ्चालन गर्न पाउने सेवा/क्रियाकलापहरुः (विहान ५.०० बजे देखि बेलुकी ६.३० बजे सम्म मात्र)**

१. छोटो, मध्यम र लामो दुरीमा जिल्ला भित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहाय बमोजिम हुने गरी सञ्चालन गर्ने।

   क. सिट क्षमताको ५०% यात्रु रहने ।

   ख. भौतिक दुरी कायम हुने गरि एक पंङ्त्तिको सिटमा एक जना मात्र यात्रु राख्ने। सिट बाहेक यात्रु राख्ने नपाउने।

   ग. सवै यात्रुहरुले अनिवार्य मास्क लगाउने।

   घ. यात्रु चढने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने।

प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

ङ. चालक तथा सह-चालकले मास्क, भाइजर र पञ्जा लगाउने ।

च. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने ।

छ. यो व्यवस्था लागु रहदा सम्म तोकिएको भाडा दर भन्दा अधिकतम थप ५०% सम्म भाडा लिन सक्ने ।

ज. सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बनाएको मापदण्ड अनुरुप सञ्चान गर्ने ।

झ. सार्वजनिक यातायात तथा यात्रु व्यवस्थापन स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पूर्ण पालन भए/ नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने गराउने ।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेन्ट ट्रेकिङ तथा ट्राभल सेवा व्यवसाय सञ्चालन गर्ने ।

३. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगेटिभ भएको (यात्रा गर्नु भन्दा ७२ घण्टा भित्रको) रिपोर्ट सहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रुपमा रहने गरि नेपाल प्रवेश गर्ने अनुमति दिइने ।

४. उपलब्धता तथा उपयुक्तताको आधारमा दुर शिक्षा लगायतका वैकल्पिक सिकाईका माध्यमबाट शिक्षण तथा सिकाई कार्यलाई निरन्तरता दिने ।

५. सबै कार्यालय/निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरि सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गर्ने/ गराउने ।

६. दफा ५ बमोजिमका सेवा र कार्यहरु बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायतका सबैले अनिवार्य रुपमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने । यसरी मापदण्ड पालना भए/नभएको अनुगमन गर्ने दायित्व सम्बन्धित नियमकारी निकायको हुने ।

७. यस आदेशमा उल्लेख भएकोमा बाहेक अन्य विषयमा नेपाल सरकारबाट समय समयमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएका आदेशहरु बमोजिम हुने ।

२०७८/६/१

प्रमुख जिल्ला अधिकारी
कञ्चनपुर